## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०५-२०८२/०८३

मिति २०८२/०९/०४ समय: दिनको ११:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री | |

**कर्मचारी उपस्थितीः**

श्री हेमनाथ लामिछाने नि.प्र.प्र. अधिकृत

श्री गोविन्द प्रसाद पौडेल, अधिकृत

श्री जीवन [illegible] ([illegible])

श्री चमेली आले (का.स)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०८२/०९/०४** **वैठक संख्याः ०५-२०८२/०८३**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा ।
२. मठमन्दिर व्यवस्थापन ऐन, २०८२ छलफल सम्बन्धमा ।
३. जगन्नाथ शान्तिकुञ्ज भवन व्यवस्थापन सम्बन्धमा ।
४. अवैतनिक कानूनी सल्लाहकार नियुक्ति सम्बन्धमा ।
५. राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने सम्बन्धमा ।
६. विविध ।

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा देवघाट गाउँपालिकाको मठमन्दिर व्यवस्थापन विधेयक, २०८२ छलफलका लागि विधेयक मस्यौदा समितिमा पेश गरी मस्यौदा संशोधन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ५ स्थित जगन्नाथ शान्ति कुंज भवन व्यवस्थापन सम्बन्धमा सो समितिसँग आवश्यक कागजात माग गरी अध्ययन छलफल तथा अनुगमन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा देवघाट गाउँपालिकाको काम कारवाहीसँग सम्बन्धित जटिल प्रकृतिका कानूनी समस्या तथा मुद्दा मामिलाको रायपरामर्श र पैरवीका लागि भरतपुर-१०, निवासी श्री गोपीलाल देवकोटालाई अवैतनिक कानूनी सल्लाहकार नियुक्ति गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा राष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०८२ "ज्येष्ठ नागरिक प्रति श्रद्धा र सम्मान" भन्ने काराका साथ मनाउने र सो का लगि वडागत रुपमा वडा अध्यक्षको अध्यक्षतामा कार्यक्रम संचालन गर्ने गरी सबै वडा कार्यालयहरुलाई पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ का सम्बन्धमा तपसिल बमोजिमको विविध निर्णयहरु गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) देवघाट गाउँपालिका वडा नं. ५ स्थित श्री कालिका माध्यमिक विद्यालयको नि.मा.वि. तह गणित विषयलाई विद्यालयको माग बमोजिम अङ्ग्रेजी विषयमा परिवर्तन गर्ने निर्णय गरियो । साथै परिवर्तन गरिएको अङ्ग्रेजी

तिल बहादुर थापा
अध्यक्ष

विषयमा श्री भृकुटी माध्यमिक विद्यालय, देवघाट-३ साराङ्घाटका श्री राजु थापालाई श्री कालिका माध्यमिक विद्यालय, देवघाट-५ तनहुँमा सरुवा गर्ने निर्णय गरियो।

ख) देवघाट गाउँपालिकाको चालु आ.व. २०८२/८३ को वार्षिक स्वीकृत सशर्त कृषि विकास कार्यक्रमहरू सञ्चालानार्थ निम्न निर्णयहरू गरियो।

अ. साना सिँचाई प्रवर्द्धन कार्यक्रम सञ्चालानार्थ "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" दफा ६ बमोजिमको कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको सिफारिस बमोजिम ऐ. कार्यविधिको दफा ८ को प्रायोजनार्थ निम्न समूह/फर्मलाई छनौट गरी सम्झौता गर्ने निर्णय गरियो।

| क्र.सं. | समूह/फर्मको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | साना किसान कृषि सहकारी संस्था लि. | देवघाट गा.पा. २,३ | भिम बहादुर राना | ९८४६०७५९५९ |
| २ | गणेश कृषि फर्म | देवघाट १ | गणेश वि.क. | ९८४५००३१७१ |
| ३ | आकाश कृषि तथा पशुपंक्षी फर्म | देवघाट ३ | आकाश गुरुङ्ग | ९८६५०३४७९९ |

आ. आ.व. २०८२/८३ मा सुन्तलाजात फलफूल बालीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालनार्थ प्राविधिक समितिको सिफारिसमा परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को दफा ४.१.९.१ क (च) को प्रायोजनार्थ निम्न समूहको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.सं. | समूह/फर्मको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | सिर्जनशील कृषक समूह | देवघाट ३ | नविन आले | ९८६६४१८५९२ |

इ. आ.व. २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता गत आ.व. छनौट भई योजना सम्पन्न गरेको निम्न समूहलाई कार्यक्रम सञ्चालनको लागि निरन्तरता प्रदान गर्ने निर्णय गरियो।

| क्र.सं. | समूह/फर्मको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | लालीगुँरास कृषक समूह | देवघाट २ | अनिल गुरुङ | ९८६२४४६६०६ |

ग) देवघाट गाउँपालिका उपाध्यक्ष श्री भुवन सिं गुरुङज्यूको संयोजकत्वमा देवघाट गाउँपालिका क्षेत्र भित्र विद्युत पहुँच नपुगेका घरधुरीहरुको तथ्यांक संकलन गरी सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो।

घ) लमजुङ नेत्रहीन संघलाई देवघाट लगायत विभिन्न १४ वटा पालिकामा दृष्टिविहीनहरुको सर्वेक्षण गरी तथ्यांक संकलन गरी "पालिका स्तरीय अपाङ्गता भएका व्यक्तिहरुको अवस्था विश्लेषण २०८२" नामक पुस्तक प्रकाशनार्थ रु. २०,०००/- (अक्षरुपी बीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष

ङ) देवघाट गाउँपालिका वडा नं. ५ त्रिशुलीनदी अन्तर्गत भुवनटार र सेती भेतरीघाटको IEE प्रतिवेदन संशोधन सम्बन्धमा सम्बन्धित प्राविधिक विशेषज्ञको राय सहित प्रतिवेदन लिने निर्णय गरियो।

च) देवघाट गाउँपालिका वडा नं. १ कोटा निवासी हिरा बहादुर गुरुङले आफ्नो नाममा दर्ता श्रेस्ता रहेको कि.नं. ५४ क्षेत्रफल ५-५-०-० को जग्गाबाट माटो उत्खनन् तथा व्यवस्थापन गर्न पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो।

छ) देवघाट गाउँपालिकाको ठेक्का नं. NCB/DRM/BLDG/11/2077/078 Construction Of Devghat Primary Hospital Building (10 Bed) योजनाको लिफ्ट डिजाइन तयार गर्नको लागि कन्टिजेन्सीबाट खर्च गर्ने गरी परामर्श सेवा खरिद गर्ने निर्णय गरियो।

ज) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ को उपदफा (१), बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ८३ को उपनियम (१) र (२ तथा देवघाट गाउँपालिकाको बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८२ को दफा ३७ बमोजिम समाजसेवी तथा बालमनोविज्ञको रुपमा स्थानीय बाल अधिकार समितिमा सूचिकृत हुनका लागि सूचना आह्वान गर्ने निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष